# कास्की रेडक्रस

जि.प्र.का.द.नं. १३/०५२/०५३ हु.द.नं. ०३/०६०/०६१ **समाचार बुलेटिन**

वर्ष २९ अङ्क १ २०८० आषाढ July. 2023


# ३९ औं वार्षिक साधारण सभा




नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला सभाको ३९औं वार्षिक साधारण सभा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सभापति डण्डराज शर्माको सभापतित्व र कास्की जिल्ला अदालतका न्यायाधीश प्रकाश खरेलको प्रमुख आतिथ्यतामा २०७९ चैत्र २५ गते शनिवारका दिन साइमन पार्टी प्यालेस पोखरामा सम्पन्न भयो ।

२ सत्रमा आयोजित कार्यक्रमको पहिलो शुभारम्भ सत्रमा प्रमुख अतिथि न्यायाधीश खरेलले कार्यक्रमको उद्घाटन गर्नु भएको थियो भने शाखाका उपसभापति उर्मिला खड्का भण्डारीले स्वागत मन्तव्य, उपमन्त्री रमा न्यौपाने कोइरालाले रेडक्रसका सात सिद्धान्त वाचन गर्नु भएको थियो । उक्त अवसरमा मूल्याङ्कन समितिका संयोजक एवं उपसभापति धर्मराज अधिकारीले २०७८ माघ महिना देखि २०७९ पौष मसान्तसम्म रेडक्रसका गतिविधिहरु एवं मानवीय सेवा कार्य सञ्चालन गरी उल्लेखनीय योगदान पुऱ्याई जिल्लामा रहेका उपशाखाहरुतर्फ सर्वोत्कृष्ट प्रथम स्थान प्राप्त गर्ने नेरेसो पोखरा-१२ उपशाखा, सर्वोत्कृष्ट द्वितीय हुने नेरेसो पोखरा-२,३ उपशाखा, सर्वोत्कृष्ट तृतीय हुने नेरेसो अन्नपूर्ण-१,२,३ उपशाखा र सर्वोत्कृष्ट सान्त्वना स्थान प्राप्त गर्ने नेरेसो पोखरा-६ उपशाखा, लैङ्गिक तथा सामाजिक समावेशीकरणका गतिविधि तर्फ सर्वोत्कृष्ट हुने पोखरा-२,३ उपशाखा पुरस्कृत भएको घोषणा गर्नु भएको थियो । सो अवसरमा पुरस्कृत उपशाखाहरुलाई प्रमुख अतिथि न्यायाधीश प्रकाश खरेल, सभापति डण्डराज शर्मा र निवर्तमान सभापति डोलराज पाण्डेले नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गर्नु भएको थियो । पुरस्कृत उपशाखाहरुलाई क्रमशः नगद पुरस्कार ७ हजार, ५ हजार, ३ हजार र सान्त्वना र लैङ्गिक तथा सामाजिक समावेशीकरण गतिविधि तर्फ २/२ हजार र प्रमाणपत्र प्रदान गरिएको थियो । त्यसै गरी यस वर्ष स्वयंसेवक तर्फ पूर्व सभापति बामदेव ढुंगानालाई नगद पुरस्कार १० हजार, दोसल्ला र सम्मानपत्रद्वारा सम्मानित गरिएको थियो भने उत्कृष्ट कर्मचारी पुरस्कारवाट वरिष्ठ प्रशासन सहायक नवराज भण्डारीलाई नगद पुरस्कार ५ हजार, दोसल्ला र सम्मानपत्र, प्राथमिक उपचार प्रशिक्षक एवं स्वयंसेवक तर्फ सूर्यप्रसाद तिमिल्सिनालाई दोसल्ला र सम्मानपत्र र ३९औं जिल्लास्तरीय जुनियर युवा गोष्ठी तथा २८औं जिल्लास्तरीय शिक्षक नायक गोष्ठी कुशलतापूर्वक सम्पन्न गर्ने रतन पाण्डे मा.वि. युवा रेडक्रस सर्कल, पोखरा-१३ लाई सम्मानपत्रबाट सम्मानित गरियो ।

कार्यक्रममा सहभागीका तर्फबाट नेरेसो पोखरा-३२ का सभापति किसान परियार, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारी, सम्मानित व्यक्तित्व बामदेव ढुंगाना, पोखरा महानगरपालिका वडा नं.-९ का अध्यक्ष तथा कास्की शाखाका सल्लाहकार समिति सदस्य दिपेन्द्र मर्सानी र गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकालले रेडक्रस अभियान र मानवीय सेवाका क्षेत्रमा कास्की शाखाले पुऱ्याएको योगदानका सन्दर्भमा उल्लेख गर्नु भएको थियो । शाखाका निवर्तमान सभापति डोलराज पाण्डेले रेडक्रस अभियान रेडक्रसकर्मीको असल भावना, असल मन विचार भएकाले रेडक्रसको सिद्धान्त र आदर्श अनुरुप अगाडि बढ्नु पर्नेमा जोड दिदै कास्की शाखालाई थप सबल र मजबुत बनाई मानवीय सेवाका क्षेत्रमा सशक्त शाखाको रुपमा स्थापित गर्नु पर्नेमा जोड दिनु भयो । त्यसै गरी प्रमुख अतिथि जिल्ला न्यायाधीश खरेलले कास्की शाखाले रेडक्रसको सिद्धान्त अनुरुप तटस्थ रही मानवीय सेवाका गतिविधि सञ्चालन गरिरहेको सन्दर्भ उल्लेख गर्दै शाखाप्रति हार्दिक आभार र खुशी व्यक्त गर्नु भयो ।

शुभारम्भ सत्रमा मन्त्री सुरेन्द्र गुरुङले कास्की शाखाको प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कोषाध्यक्ष सन्तोष अधिकारीले आ.व. २०७९/८० को आर्थिक प्रतिवेदन र आ.व. २०८०/८१ को प्रस्तावित बजेट प्रस्तुत गर्नुभएको थियो । सभापति डण्डराज शर्माले प्रमुख अतिथि, अतिथि, पुरस्कृत एवं सम्मानित उपशाखा, सम्मानित व्यक्तित्व, सभासद् लगायत सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

लगत्तै सुरु गरिएको बन्द सत्रका क्रममा मन्त्री सुरेन्द्र गुरुङ, कोषाध्यक्ष सन्तोष अधिकारी, लेखा समितिका संयोजक कृष्णराज ढुंगाना र प्रस्ताव छानबिन समितिका संयोजक बिष्णुप्रसाद भण्डारीबाट प्रस्तुत वार्षिक प्रतिवेदन, आ.ब. २०८०/०८१ को प्रस्तावित कार्यक्रम, आर्थिक प्रतिवेदन, आ.ब. २०८०/०८१ को प्रस्तावित बजेट, लेखा समितिको प्रतिवेदन र प्रस्ताव छानविन समितिको प्रतिवेदन माथि आवश्यक छलफल र सुझाव सहित साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

बन्द सत्रका क्रममा उठेका बिषयहरुलाई समेटी प्रस्ताव छानबिन समितिका संयोजक बिष्णुप्रसाद भण्डारीले सभामा अनुमोदनका लागि प्रस्तावहरु प्रस्तुत गर्नु भएको थियो । उक्त प्रस्तावहरुमा :

१) निर्माणाधीन प्रादेशिक रक्तसञ्चार सेवा भवनको निर्माण संपन्न गरी अत्याधुनिक रक्तसञ्चार सेवा सञ्चालन गर्ने ।

२) गोदामघर (विपद् सामग्री भण्डार) निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

३) नेपाल रेडक्रस सोसाइटी, कास्की शाखाको Web-site निर्माण गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याउने ।

४) कास्की शाखा अन्तर्गत विपद् तथा प्राथमिक उपचार प्रशिक्षण लिएका जनशक्तिहरुको

बाँकी पृष्ठ ८ मा

# सम्पादकीय

## प्रकोप व्यवस्थापन: साझा दायित्व

नेपाल बहुप्रकोप जोखिमयुक्त मुलुकको रुपमा चिनिन्छ । नेपालको ८०% प्रतिशत भन्दा बढि जनसङ्ख्या कुनै न कुनै प्राकृतिक प्रकोपको जोखिममा रहेका छन् । प्रत्येक वर्ष बाढी पहिरो, खडेर, चट्याङ्ग, हावाहुरी, भुकम्प महामारी, शितलहर, तापलहर (लु), आगलागी, हिमपहिरो, औद्योगिक प्रदुर्षण, सडक दुर्घटना आदि प्रकोपबाट सिर्जना हुने विपदबाट जनधनको ठूलो क्षति हुनुका साथै सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा समेत तत्कालिन र दीर्घकालिन असर पुग्ने गरेकोछ ।
वातावरणीय विनास, सहरीकरण, जनसङ्ख्या वृद्धि, आद्योगिक विस्फोटन एवम् विविध कारणले विपद् बाट हुने क्षति वर्षेनी बढ्दो छ । विपद् न्यूनिकरणमा सरकारी तथा गैरसरकारी संख्याहरुको लगानी र जनसमुदायको बढ्दो जनचेतनाको अलवा प्रकोपको घटना तथा विपद्बाट हुने क्षतिमा कमी नआउनुले हाम्रो सामूहिक प्रयासबारे समिक्षा गर्नु आवश्यक छ ।
विपद् व्यवस्थापनका सवालमा नेपाल रेडक्रस सोसाइटीले अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको कुरालाई नकार्न सकिदैन । विपद् व्यवस्थापनको सैद्धान्तिक तथा व्यवहारिक तादम्यता हुने गरी न्यूनीकरण र व्यवस्थापनका सबै चरणहरु र क्षेत्रहरु जस्तै पूर्व तयारी, प्रतिकार्य, पुर्न निर्माण, पूर्वसूचना प्रणाली, विपद् निवारण तथा यससँग सम्बनिध्त नवीन प्रविधि अनुकूलका विशेषज्ञहरुको विकास, स्तरीयकरण तथा तिनको समुचित परिचालन गरिनु आवश्यक छ । राहत, उद्धार प्रतिकार्य, विपद पूर्व तयारी, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सामुदायिक उत्थानशिलताका क्षेत्रमा भए गरेका सकरात्मक कार्यले रेडक्रसको संस्थागत क्षमता र पहिचान निर्माण कार्यमा महत्वपूर्ण टेवा पुगेको छ । विपद् न्यूनिकरण जस्तो सबैको चासो हुनुपर्ने र जनसरोकारको विषयमा पनि सरकार, सामाजिक संघसंस्था, रेडक्रस जस्तो सामाजिक तथा मानविय सेवामा क्रियाशिल संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।
विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा अहिलेको परिवर्तित राज्यको संरचना अनुरुप राजनीतिक ईच्छा शक्ति नै हो । नेपाल रेडक्रसबाट समेत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी गतिविधि एवम् कार्यक्रमहरुमा ठूलो लगानी गरिएको छ । हाल नेपालमा प्रदेश, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरुको जोखिम वर्गीकरण एवम् लेखाजोखा गरि बढि जोखिम भएका क्षेत्रमा स्रोत साधनको उचित परिचालन गर्न सकिएको खण्डमा थप आशातित प्रगति प्राप्त गर्न सकिन्छ ।
यसका लागि मानवीय संशाधनको क्षमता अभिवृद्धि तथा तीनको स्तरीकरण गरी उपलब्ध जनशक्तिलाई संकटासन्न समूह जस्तै महिला, बालबालिका शरीरिकरुपले असक्त ज्येष्ठ नागरिकमैत्री समेत बनाउनुपर्ने आवश्यकता टड्कारो रुपमा रहेको छ ।
नेपालमा विपद् अध्ययन अनुसन्धान र गतिविधिहरु प्राथमिकतामा परेका छैनन । यसका लागि यहाँको संस्कृति भूवनोट, प्रकोप तथा विपद्का प्रकृति, विपद्को सामना गर्ने क्षमता संकटासन्न समुदायको अवस्था र अन्य देश ठाउँको तुलनामा फरक छ। विपद जोखिम न्यूनिकरणबाट स्थानीय सामाजिक, आर्थिक र वातावरणीय अवस्थामा सुधार ल्याउन सकिन्छ । विपद्को जोखिम न्यूनीकरणका लागि नदी प्रभावित यस्ता क्षेत्रलाई कृषिवन पद्धतिबाट पुनस्थापना गर्न सकिने प्रविधिहरु विकास भएका छन् । नदि प्रभावित तटीय क्षेत्रको भू-वर्गीकरण गरी केहिलाई कृषिवन पद्धतिबाट समेत पुनस्थापना गर्न सकिनेकुरालाई नकार्न सकिदैन ।
विपद जोखिम व्यवस्थापनमा सबै प्रदेश सरकार र स्थानीय सरकारहरु उत्तिकै सक्षम छैनन । यिनको संस्थागत क्षमता विकास गर्ने , विपद् जोखिम न्यूनिकरणलाई आवधिक तथा वार्षिक योजनामा मूल प्रवाहीकरण गरिनुपर्दछ । रेडक्रसको सहयोग तथा समन्वयमा समेत जोखिम न्यूनिकरण व्यवस्थापनमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको समेत स्रोत साधनका परिचालन अपेक्षित हुन सकेको छैन । विपद् अनुसन्धान, प्रविधिको विकास, मानव स्रोत संशाधनका विकास, पूर्व सूचना प्रणाली, जलवायु परिवर्तन अनुकुलन तथा विपद् न्यूनिकरणको योजनाको कार्यान्वयनमा अरु बढि, चनाखो भई रेडक्रसको अगुवाईमा स्रोत परिचालन गरिनु आजको टड्कारो आवश्यकता छ ।
विपद् जोखिम न्यूनिकरणको सफलता समुदायको उत्थानशीलता र विपद्बाट हुने क्षतिमा आएको कमीको रुपमा मापन गरिनुपर्दछ । विपद् व्यवस्थापनको कार्य प्रतिकार्य केन्द्रित नभई जोखिम न्यूनिकरण केन्द्रित हुने यस वर्षातको समयमा क्षति न्यूनिकरणमा ठूलो क्षती पुग्नका साथै प्रतिकार्य र पुनप्राप्ती कार्यक्रममा गर्नुपर्ने ठूलो लगानी खेरा जाने थिएन । यसका लागि सम्पूर्ण सङ्घसंस्था, राजनैतिक दल एवम् माथिल्ला निकायबाट समेत समन्वय गरी प्रोपको न्यूनिकरण हातेमालो गर्नुपर्ने हामी सबैका साझा दायित्व रहेको छ ।


| | | |
|---|---|---|
| सल्लाहकार | : | डण्डराज शर्मा पौडेल |
| | | डोलराज पाण्डे |
| सम्पादक मण्डल | : | डिल्लीराम बराल |
| | | कृष्णप्रसाद पौडेल |
| | | श्याम कुँवर |
| | | अम्बिका अधिकारी |
| | | मोहन सिंह खड्का |
| मुद्रण | : | न्यू सृजना छापाखाना |
| | | ०६१-५७३३२९ |


**रेडक्रसबारे लेखरचना वा जिज्ञासाको अपेक्षा गर्दछौं।**

## ट्राफिक सप्ताह सम्पन्न

सडक अनुशासन कायम गरी सडक दुर्घटना न्यूनिकरण गर्ने उद्देश्यका साथ गण्डकी प्रदेश सरकार आन्तरिक मामला तथा कानून मन्त्रालय, पोखरा महानगरपालिका र ट्राफिक कार्यालयद्वारा वैशाख २५ देखि ३१ गतेसम्म आयोजित ट्राफिक सप्ताहका गतिविधिहरुमा यस शाखा र शाखा मातहतका उपशाखा एवं जुनियर युवा सर्कलहरुको सहभागिता रहेको थियो । ट्राफिक प्रहरी कार्यालय कास्कीको अनुरोधमा यस शाखाबाट ट्राफिक सप्ताहका गतिविधिहरुमा सहकार्य गर्दै तयारी बैठक लगायत पोखरा महानगरपालिका भित्र रहेका सडकका चोकहरुका शाखाका पदाधिकारी, सदस्य, कर्मचारी, उपशाखाकाका पदाधिकारी तथा सदस्य र स्वयंसेवकहरु परिचालन गरी ट्राफिक सचेतनाका गतिविधिहरु सञ्चालन, विद्यालयहरुमा ट्राफिक नियम सम्बन्धी अभिमुखिकरण कार्यक्रम र ३१ गते ट्राफिक सप्ताहको अवसरका पृथ्वीचोकमा रक्तदान कार्यक्रमको आयोजना गरी ट्राफिक सप्ताह मनाइयो ।

## विपद् व्यवस्थापन अभिमुखीकरण कार्यक्रम सम्पन्न

नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखाद्वारा मातहतका उपशाखाका सभापति एवं पदाधिकारीहरुका लागि आयोजित १ दिने विपद् व्यवस्थापन अभिमुखीकरण कार्यक्रम वैशाख १६ गते शनिवारका दिन शाखाको सभाहलमा सम्पन्न भयो । शाखाका सभापति डण्डराज शर्माको सभापतित्वमा आयोजित शुभारम्भ सत्रमा रेडक्रसका सात सिद्धान्त बाचन कार्यसमितिका सदस्य पार्वती कार्कीले गर्नु भएको थियो भने सहभागीहरुलाई स्वागत गर्दै शाखाका कोषाध्यक्ष सन्तोष अधिकारीले विपद् का उपशाखाहरुको जिम्मेवारी र शाखाका गतिविधिका सन्दर्भमा जानकारी दिनु भएको थियो ।

कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै निवर्तमान सभापति डोलराज पाण्डेले मानवीय सेवाका क्षेत्रमा क्रियाशील रेडक्रसको प्रमुख जिम्मेवारी विपद् व्यवस्थापन गर्नु रहेको र यसका अतिरिक्त स्वास्थ्य सेवा लगायत मानवीय सेवा अन्य गतिविधिमा समेत् कास्की शाखा प्रतिवद्ध भएको लागिरहेको विषयमा प्रकाश पार्नु भयो । उक्त अवसरमा वहाँले रेडक्रस सरकारको सहयोगी निकाय भएको र उपशाखाहरु शाखाको अभिन्न अंग भएकाले विपद् सम्बन्धी निर्मित ऐन र निर्देशिका बमोजिम अगाडि बढ्नु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा मोहनसिंह खड्का, देवनारायण पौडेल र नवराज भण्डारीले सहजीकरण गर्नु भएको थियो भने सभापति डण्डराज शर्माले सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै मनसुनको सिजन शुरु भएकाले विपद् प्रतिकार्यका लागि तम्तयार भएर रहन सबै उपशाखाहरुलाई आग्रह गर्नु भयो । कार्यक्रम शाखाका मन्त्री सुरेन्द्र गुरुङले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा शाखा अन्तर्गतरहेका सबै उपशाखाका सभापति एवं प्रतिनिधि, जिल्ला कार्यसमितिका पदाधिकारी एवं सदस्य र शाखाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# दोश्रो रणनीतिक योजना तर्जुमा गोष्ठी सम्पन्न




नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखाको दोश्रो पञ्च वर्षीय रणनीतिक योजना तर्जुमा गोष्ठी यही ज्येष्ठ २२ गते हिमालयन देउराली रिसोर्ट, अन्नपूर्ण-१, नाँगडाँडामा सम्पन्न भयो ।

कास्की शाखाका सभापति डण्डराज शर्माको सभापतित्व एवं निवर्तमान सभापति डोलराज पाण्डे र सल्लाहकार समितिको विशेष उपस्थितिमा आयोजित कार्यक्रममा कास्की शाखा जिल्ला कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु, उपशाखाका सभापति एवं प्रतिनिधि, विभिन्न समितिका संयोजक, सचिव एवं सदस्यहरु, युवा सर्कलका प्रतिनिधि र शाखाका कर्मचारीहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा शाखाका निवर्तमान सभापति डोलराज पाण्डे र कार्यसमितिका पूर्व सदस्य राजेश कुमार घिमिरेले रणनीतिक योजनाको रुपरेखा प्रस्तुत गर्नु भएको थियो भने सहभागीहरु बीच चार समूह विभाजन गरी रुपा समूहको समूह नेता डण्डराज शर्मा, माछापुच्छ्रे समूहको समूह नेता उर्मिला खड्का, अन्नपूर्ण समूहको नेता धर्मराज अधिकारी, मादी समूहको समूह नेता सुरेन्द्र गुरुङ चयन गरी योजनाको अवधारणा, पहलिाको आवधिक योजनाको समीक्षा, कास्की शाखाको अवस्था विश्लेषण, दूरदृष्टि, दूरगामी लक्ष्य र उद्देश्यहरु निर्धारण तथा रणनीति कार्यनीति र कार्यक्रम तर्जुमा विषयमा छलफल गरिएको थियो । दोश्रो पञ्च वर्षीय रणनीतिक योजनाको प्रारुपका बिषयमा छलफल एवं सुझाव संकलन गरिएको थियो । कार्यक्रमको अन्तमा सहभागीका तर्फबाट पोखरा-८ उपशाखाका सभापति सीता पाण्डे, विपद् व्यवस्थापन समितिका सदस्य मिलन के.सी., सल्लाहकार समितिका सदस्य खगेन्द्रराज आचार्यले रणनीतिक योजनाको विषयमा आफ्ना भनाईहरु राख्नु भएको थियो भने प्राप्त सुझावका आधारमा दोश्रो पञ्च वर्षीय रणनीतिक योजनाको मस्यौदा तयार गर्न शाखाका उपकोषाध्यक्ष बिष्णुप्रसाद भण्डारी र कर्मचारी नवराज भण्डारी रहने गरी २ सदस्यीय समिति गठन गरिएको छ ।

# विपद् व्यवस्थापनको पूर्व तयारी



विपद् व्यवस्थापनको पूर्व तयारीका क्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीले सरोकारवाला निकायबीच समन्वयात्मक कार्यक्रम गरेको छ ।

रेडक्रस कास्कीको विपद् व्यवस्थापन समिति आयोजना गरेको कार्यक्रममा बाढी पहिरो, भारी वर्षात् लगायतका मनसुनजन्य विपद्बाट प्रभावितलाई राहात संकलन तथा दक्ष जनशक्ति व्यवस्थापनका बारेका छलफल भएको मन्त्री सुरेन्द्र गुरुङले जानकारी दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका उपसभापति तथा विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्काको अध्यक्षतामा भएको कार्यक्रममा रेडक्रस कास्कीका कर्मचारी नवराज भण्डारीले रेडक्रसले १ वर्षको अवधिमा प्रदान गरेको राहत वितरणको विवरण तथा दक्ष जनशक्तिको अवस्थाबारे जानकारी गराउनुभयो । कार्यक्रममा रेडक्रस सोसाइटी कास्कीका सभापति डण्डराज शर्माले रेडक्रसले स्वयंसेवी रुपमा विपद्को व्यवस्थापन तथा राहत वितरण गर्ने बताउनुभयो । उहाँले जिल्ला शाखा तथा उपशाखाहरुले विपद् व्यवस्थापन कोष खडा गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा गैर सरकारी संस्था महासंघ गण्डकी उपाध्यक्ष पदमराज पहारी, नौलो घुम्ती नेपालका अध्यक्ष बद्रीविनोद प्रतीक, पोखरा चेम्बर अफ कमर्स कास्की अध्यक्ष यमनाथ पौडेल, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष उत्तममान बुद्धाचार्य, नेपाल रेडक्रस सोसाइटी कास्कीका निवर्तमान सभापति डोलराज पाण्डे, कोषाध्यक्ष सन्तोष अधिकारी, उपमन्त्री रमा कोइराला, कार्यसमितिका सदस्य तथा विपद् व्यवस्थापन समितिका सचिव पार्वती कार्की, कार्यसमितिका सदस्यहरु रमेश भण्डारी र बबिता सुवेदी, रेडक्रस सोसाइटी कास्कीका कार्यालय प्रमुख मोहनसिंह खड्का, पृथ्वीराजमार्ग बस कम्पनी प्रालिका प्रबन्ध निर्देशक ज्ञानबहादुर केसी, गुप्तेश्वर गुफा व्यवस्थापन समिति सचिव हरिप्रसाद लम्साल, डेभिजफल युवा क्लबका सचिव गणेशबहादुर घर्ती, चिल्ड्रेन नेपालका कार्यकारी निर्देशक डिल्लीराम शर्मा, असल छिमेकी नेपालका प्रतिनिधि सुरेन्द्र दास, सिद्धार्थ क्लबका अध्यक्ष प्रमोदनारायण श्रेष्ठ, सिर्जना विकास केन्द्रका व्यवस्थापन दिलीप सुवेदी लगायतले विपद् व्यवस्थापनका लागि अपनाउनुपर्ने पूर्व तयारीबारे बोल्नुभएको थियो ।

कास्की विपद् व्यवस्थापनको तयारीको क्रममा रेडक्रसले विपद् प्रतिकार्य समूह कार्यशाला गरेर सदस्यलाई प्रशिक्षण दिइएको छ ।

# ४० औं जुनियर युवा र २९औं शिक्षक नायक गोष्ठी सम्पन्न




नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखाको आयोजना र युवा रेडक्रस सर्कल राष्ट्रिय मा.बि. पोखराको व्यवस्थापनमा जिल्लास्तरीय ४०औं जुनियर युवा र २९औं शिक्षक नायक गोष्ठी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबिक्रम राणाको सभापतित्व र गण्डकी प्रदेश सभाका सभामुख कृष्णप्रसाद धितालको प्रमुख आतिथ्यतामा ज्येष्ठ २६ र २७ गतेका दिन राष्ट्रिय मा.वि. पोखरामा सम्पन्न भयो ।

राष्ट्रिय गानबाट शुभारम्भ गरिएको कार्यक्रमको शुभारम्भ सत्रमा विद्यालय सर्कलका अध्यक्ष हिरामती गुरुङले रेडक्रसका सात सिद्धान्त वाचन गर्नु भएको थियो भने स्वागत शिक्षक नायक अम्बिका भण्डारीले गर्नु भएको थियो । जुनियर युवा समितिका संयोजक एवं कार्यसमितिका सदस्य रमेशराज भण्डारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो भने जिल्ला शिक्षा महाशाखा प्रमुख, महानगरपालिकाका शिक्षा महाशाखाका प्रमुख, नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका निवर्तमान सभापति डोलराज पाण्डे, सभापति डण्डराज शर्मा, वडा नं.-१ वडा अध्यक्ष साहारा प्रधान, जनप्रिय मा.बि. पोखराका शिक्षक नायक श्रीकान्त पौडेल लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले मानवीय सेवा कार्यमा रेडक्रसले पुऱ्याएको योगदान र जुनियर युवाहरुको भूमिकाका बिषयमा प्रकाश पार्नु भएको थियो । शुभारम्भ सत्रको अन्तमा विद्यालयका प्राचार्य एवं संरक्षक कृष्णलाल बाँस्तोला (उदासी) ले सबै प्रति धन्यवाद ज्ञापन गर्नु भएको थियो भने विद्यालय व्यवस्थापन समितिका अध्यक्षले रामविक्रम राणले मन्तव्य सहित सबैप्रति हार्दिक धन्यवाद प्रकट गर्दै कार्यक्रमको समापन गर्नु भयो ।

उक्त अवसरमा शैक्षिक सत्र २०७९ मा जिल्लास्तरमा विद्यालय तर्फ जुनियर, युवा गतिविधिमा उत्कृष्ट प्रथम स्थान प्राप्त गर्ने शिवशक्ति मा.वि. पोखरा, द्वितीय स्थान प्राप्त गर्ने रतनपाण्डे मा.वि. आर्बाविजय, तृतीय स्थान प्राप्त गर्ने सृजना मा.वि. पोखरा, सान्त्वना स्थान प्राप्त गर्ने माछापुच्छ्रे मा.वि. सार्दीखोला र विशेष प्रोत्साहन पुरस्कार बाराही आ.वि.माछापुच्छ्रे-८ ल्वाङ र सामुदायतर्फ राखी युवा रेडक्रस सर्कल र हेमजा युवा रेडक्रस सर्कललाई नगद पुरस्कार सहित प्रमाण पत्र प्रदान गरियो । सोही अवसरमा यस वर्ष उत्कृष्ट शिक्षक नायक सम्मानबाट युवा रेडक्रस सर्कल जनप्रिय मा.वि.पोखराका शिक्षक नायक श्रीकान्त पौडेललाई सम्मान गरियो भने चित्रकला प्रतियोगिता र निबन्ध प्रतियोगितामा पुरस्कृत हुने प्रतियोगीहरुलाई नगद सहित प्रमाण पत्र प्रदान गरिएको थियो ।

जिल्लाका १२६ विद्यालय सर्कलको सहभागिता रहेको उक्त गोष्ठीमा वार्षिक प्रतिवेदन, रेडक्रस अभियान, जुनियर युवा सर्कल र कास्की शाखाका गतिविधि, नेतृत्वसीप विकास, जलवायु परिवर्तन, विपद्, रक्तदाता उत्प्रेरणा, सडक सुरक्षा र ट्राफिक सचेतना, स्वास्थ्य र जीवन लगायतका बिषयमा कास्की शाखा, ब्रम्हकुमारी ईश्वरीय बिश्व विद्यालय पोखरा, जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की, पोखरा जेसीसका अध्यक्ष गणेश गिरी, रविन्द्र माकाजु लगायतका सहजकर्ताहरुद्वारा सहजीकरण गरिएको थियो । २ दिनसम्म आवासीय रुपमा सञ्चालित उक्त कार्यक्रमको समापन सत्रमा प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका सामाजिक तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडाले सहभागीहरुलाई प्रमाण पत्र प्रदान गर्दै रेडक्रस कास्की शाखाले सम्पादन गरेका मानवीय सेवा कार्यहरुको प्रशंसा गर्नु भयो । उक्त अवसरमा कास्की शाखाका कोषाध्यक्ष सन्तोष अधिकारी र सभापति डण्डराज शर्मा पौडेलले व्यवस्थापक विद्यालय प्रति धन्यवाद ज्ञापन गर्दै गण्डकी प्रदेश सरकारले कास्की शाखाद्वारा सञ्चालित रक्तसञ्चार सेवा लगायत मानवीय सेवाका क्षेत्रमा पुऱ्याएको योगदानको समेत् चर्चा गर्नु भएको थियो । अन्तमा विद्यालय तर्फबाट प्राचार्य कृष्णलाल बाँस्तोला (उदासी) र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबिक्रम राणाले सबै प्रति धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

# विश्व रेडक्रस दिवस सम्पन्न

"मनैदेखि सेवा" (From The Heart)" भन्ने नाराका साथ विश्व रेडक्रस दिवस मे-८ का सन्दर्भमा यही बैशाख २५ गते सोमवारका दिन कास्की जिल्ला शाखा, शाखा मातहतका उपशाखा र जुनियर तथा युवा रेडक्रस सर्कलहरुमा व्याच बितरण, लेख रचना प्रकाशन, रेडियो तथा टेलिभिजन परिसंवाद, स्वास्थ्य शिविर, रेडक्रस अभिमुखीकरण कार्यक्रम, विपद् अभिमुखीकरण कार्यक्रम, सरसफाइ अभियान, रक्तदान कार्यक्रम र ट्राफिक सचेतना सम्बन्धी गतिविधिहरुको आयोजना गरी मनाइएको छ ।

उक्त अवसरमा शाखाका निवर्तमान सभापति डोलराज पाण्डेद्वारा लिखित असल भावनाको संस्थागत अभिव्यक्ति लेख समाधान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन र रेडियो नेपाल पोखरा प्रसारण केन्द्रबाट सभापति डण्डराज शर्मा, रेडियो एभरेष्टबाट निवर्तमान सभापति डोलराज पाण्डे, रेडियो बाराहीबाट मन्त्री सुरेन्द्र गुरुङ र टेलिभिजन च्यानलबाट जुनियर युवा समितिका संयोजक रमेशराज भण्डारीसँगको परिसंवाद प्रसारण भएको थियो ।

विश्व रेडक्रस दिवसकै सन्दर्भमा युवा रेडक्रस सर्कल सृजना मा.वि. पोखरामा रेडक्रस अभिमुखीकरण कार्यक्रम, शिवशक्ति मा.वि. पोखरामा रेडक्रस अभिमुखीकरण र ट्राफिक सचेतना कार्यक्रम, फुलबारी मन्टेश्वरी पोखराबाट विद्यार्थीहरुलाई जिल्ला शाखाको अवलोकन भ्रमण लगायत जिल्लाका विभिन्न जुनियर तथा युवा रेडक्रस सर्कलहरु व्याच बितरण, सरसफाइ अभियानका गतिविधिहरु सञ्चालन गरिएका छन् । त्यसै गरी नेरेसो पोखरा-२,३ उपशाखाद्वारा बाथरोग सम्बन्धी स्वास्थ्य शिबिर, पोखरा-१८ र पोखरा-२६ उपशाखाद्वारा रेडक्रस अभिमुखीकरण कार्यक्रम र शैक्षिक सामग्री बितरण, पोखरा-१६ उपशाखाद्वारा रक्तदान कार्यक्रम, अन्नपूर्ण-१,२,३ उपशाखाद्वारा ट्राफिक सचेतना कार्यक्रम र जीवन विज्ञान संस्थाद्वारा रक्तदान कार्यक्रमको आयोजना गरियो भने अन्य उपशाखाहरुबाट समेत् बिभिन्न गतिविधिहरु सञ्चालन गरिएको जानकारी प्राप्त भएको छ ।

**रक्तदान जीवनदान जीवनदान महादान**

# रेडक्रस इन्डक्सन कार्यक्रम सम्पन्न






यस शाखाका नव निर्वाचित पदाधिकारी तथा सदस्यहरु र मातहतमा कार्यरत कर्मचारीहरुलाई रेडक्रस अभियान, रेडक्रसमा समितिका पदाभिकारी, सदस्य, बिभिन्न समिति र कर्मचारीहरुको काम, कर्तव्य र जिम्मेवारीका विषयमा सुसूचित गराउने उद्देश्यका साथ १ दिने रेडक्रस इन्डक्सन कार्यक्रम कास्की शाखाको आयोजनामा २०८० आषाढ ५ गतेका दिन अतिथि रिसोर्ट पोखराको सभाहलमा सम्पन्न भयो ।

कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेलको सभापतित्वमा सञ्चालित कार्यक्रममा उपसभापति उर्मिला खड्का भण्डारीले स्वागत गर्नु भएको थियो भने शाखाका निवर्तमान सभापति डोलराज पाण्डेले मन्तव्यका क्रममा रेडक्रस इन्डक्सन कार्यक्रमले फरक फरक विचार, परिवेश र परिवारबाट संलग्न भए पनि रेडक्रस अभियानले सबैमा एउटै सोच, विचार व्यवहारमा ल्याउने धारणा राख्दै यसले रेडक्रस प्रतिको बुझाईमा परिपक्कता ल्याउने र सबैको काम, कर्तव्य र जिम्मेवारीको बोध गराउनुको साथै बैधानिक दायित्व र जिम्मेवारीमा चल्न प्रेरणा दिने विचार व्यक्त गर्नुभयो । उक्त अवसरमा समितिका सदस्य सुवास अधिकारी, कार्यालय प्रमुख मोहन सिंह खड्का, कार्यक्रम व्यवस्थापन कल्पना ज्ञवालीले कास्की शाखाका गतिविधिमा स्वयंसेवक र कर्मचारीहरुको काम, कर्तव्य र जिम्मेवारीका साथै रेडक्रसको सिद्धान्त, आदर्श र भावना अनुकूल रेडक्रस अभियान र मानवीय सेवा कार्यमा लाग्नु पर्नेमा जोड दिनु भयो । कार्यक्रमको सहजीकरण नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय जनशक्ति परिचालन विभागका प्रमुख कृष्ण घिमिरेले रेडक्रसको लक्ष्य, उद्देश्य र गतिविधि लगायत पदाधिकारी, सदस्य, समिति र कर्मचारीहरुको जिम्मेवारीका बिषयमा सहजीकरण गर्नु भएको थियो । अन्तमा सभापति डण्डराज शर्मा पौडेलले कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र यसले भविष्यमा रेडक्रस अभियानमा लाग्न थप प्रेरणा दिएको विचार व्यक्त गर्दै सबै प्रति धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रम शाखाका मन्त्री सुरेन्द्र गुरुङले सञ्चालन गर्नु भएको थियो ।

# २४औं जिल्लास्तरीय महिला गोष्ठी सम्पन्न




नेपाल रेडक्रस क्रस सोसाइटी कास्कीमा भएको वार्षिक कार्यक्रम अनुसार लैङ्गिक तथा सामाजिक समावेशीकरण समिति, कास्कीको आयोजनामा २४औं जिल्लास्तरीय महिला गोष्ठी २०७९ चैत्र १७ गते १ दिवसीय रुपमा कास्की शाखाको सभाहलमा सम्पन्न भयो ।

कास्की शाखाका महिला उपसभापति उर्मिला खड्काको अध्यक्षता र गण्डकी प्रदेशका सांसद देवका पहारीको प्रमुख आतिथ्यतामा सञ्चालित कार्यक्रममा रेडक्रसका सात सिद्धान्त बाचन समितिका सदस्य हरिमाया के.सी. र शाखाका उपमन्त्री तथा समितिका संयोजक रमा न्यौपाने कोइरालाले स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । शाखाका मन्त्री सुरेन्द्र गुरुङले रेडक्रसका महिला तथा अन्य वर्ग सहभागिता र यसले रेडक्रस अभियानमा पुऱ्याउने योगदानका सन्दर्भमा प्रकाश पार्नु भएको थियो । सोही अवसरमा निवर्तमान सभापति डोलराज पाण्डेले महिला वर्ग हरेक दृष्टिकोणबाट सक्षम र सबल भएकाले रेडक्रस अभियानमा महिला आरक्षण भन्दा पनि योग्यताका र क्षमताका आधारमा प्रतिस्पर्धामा जानु पर्ने बिचार व्यक्त गर्नु भयो । प्रमुख अतिथि देवका पहारीले रेडक्रस अभियानमा लामो समयदेखि आफु पनि संलग्न रहेकाले मानवीय सेवाका क्षेत्रमा कास्की शाखाले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । उहाँले रेडक्रसको सिद्धान्त र आदर्श बमोजिम निष्पक्ष र तटस्थ रही सेवाका गतिविधिहरु सञ्चालन गर्नु पर्ने र महिलाले नेतृत्वमा ल्याउन जोड दिनु पर्ने सन्दर्भमा चर्चा गर्नु भएको थियो । कार्यक्रम समितिका सचिव रमा त्रिपाठीले सञ्चालन गर्नु भएको थियो ।

गोष्ठीको बन्द सत्रमा वार्षिक कार्यक्रम अनुसार वर्ष समिति मातहतमा सम्पन्न गरिएका कार्यक्रम र गतिविधिहरु, उपशाखाबाट सम्पन्न गतिविधिहरुको प्रतिवेदन प्रस्तुत, प्रतिवेदन माथि छलफल र समीक्षाका साथै आगामी वर्षका कार्यक्रमहरुको विषय प्रस्ताव पेश गरिएको थियो । उक्त कार्यक्रममा शाखा अन्तर्गतरहेका उपशाखाहरुबाट ९६ जनाको सहभागिता रहेको थियो ।

# उपशाखा हातेमालो सम्बन्धी समन्वयात्मक बैठक सम्पन्न




शाखा अन्तरगत रहेका उपशाखाहरुलाई सवल र सक्षम बनाई रेडक्रस अभियान र गतिविधिहरुमा सक्रिय बनाउने र अन्तर शाखाहरुका बीच आपसी सम्बन्ध सुदृढ पार्ने उद्देश्यका साथ नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखाद्वारा आषाढ १४ गते जिल्लाका १० वटा सक्षम र १० वटा कम सक्षम उपशाखाहरु गरी २० वटा उपशाखाहरुको सहभागितामा १ दिने उपशाखा हातेमालो कार्यक्रम सम्बन्धी कार्यशालाको आयोजना गरियो । शाखाका मन्त्री सुरेन्द्र गुरुङको अध्यक्षता र शाखाका सभापति डण्डराज शर्मा पौडेलको प्रमुख आतिथ्यतामा सञ्चालित कार्यक्रममा कार्यक्रमको उद्देश्य सहित मन्त्री सुरेन्द्र गुरुङले स्वागत गर्नु भएको थियो भने रेडक्रस चिन्हको प्रयोग सम्बन्धी बिषयमा कार्यालय प्रमुख मोहन सिंह खड्काले सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रमको अन्तरक्रियात्मक सत्रमा उपशाखाका सभापति तथा प्रतिनिधिहरुले उपशाखाहरुको अवस्था, रेडक्रसका गतिविधिहरु र उपशाखालाई गतिशील बनाउन आवश्यक सहयोग र व्यवस्थापनका साथै विपद्मा उपशाखाहरुको अवस्था र पूर्वतयारीका सन्दर्भमा आ-आफ्ना धारणा र बिचार राख्नु भएको थियो, भने उपशाखा हातेमालो कार्यक्रम अन्तर्गत उपशाखाहरुको छनोट, कार्यक्रमको मिति तय गर्ने र समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्य समेत् सम्पन्न भएको छ । कार्यक्रमको अन्तमा प्रमुख अतिथि शाखाका सभापति डण्डराज शर्मा पौडेलले रेडक्रस अभियान र मानवीय सेवा कार्यमा हातेमालो कार्यक्रमले पार्ने प्रभाव र भावानात्मक सहयोगमा यसले पुऱ्याउने योगदानका पक्षमा चर्चा गर्दै शाखाबाट अधिकतम सहयोगको गरिने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

# आकस्मिक प्रतिकार्य समूह ERT को कार्यशाला सम्पन्न




मनसुनी तथा स्थानीय जलवायुका कारण यस क्षेत्रमा बढी रहेको प्रकोप र जोखिमलाई मध्य नजर गर्दै जिल्ला भित्र हुन सक्ने सम्भावित विपद्का घट् नाहरुमा खोज, उद्धार, प्राथमिक उपचार तथा राहत सहयोग लगायतका प्रतिकार्यका निमित्त पूर्वतयारी अवस्थामा रहने गरी कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेलको नेतृत्वमा जिल्लामा ११ सदस्यीय मूल समिति र पोखरा महानगरपालिका स्तरमा साबिक पोखरा र लेखनाथ हेर्ने गरी २ वटा र अन्य पालिका स्तरमा १/१ वटा प्रतिकार्य समूह गरी ६ वटा पालिकास्तरीय आकस्मिक प्रतिकार्य समूह (ERT) गठन गरी परिचालन निर्देशिका समेत तयार गरिएको छ । उक्त समूहको काम, कर्तव्य, जिम्मेवारी र दायित्वका सम्बन्धमा प्रकाश पार्ने उद्देश्यले यही आषाढ १५ गतेका दिन शाखाका सभापति डण्डराज शर्मा पौडेलको अध्यक्षतामा समितिको बैठक एवं कार्यशाला सम्पन्न भयो ।

कार्यक्रममा शाखाका मन्त्री सुरेन्द्र गुरुङले कार्यक्रमको उद्देश्य सहित स्वागत गर्नु भएको थियो भने आकस्मिक प्रतिकार्य निर्देशिकाको सम्बन्धमा कार्यालय प्रमुख मोहन सिंह खड्काले सहजीकरण गर्नु भएको थियो । कार्यशालाको अन्तर्क्रियाका अवसरमा समितिका सदस्यहरु बीच विपद्का चरणमा गर्नु पर्ने काम, कर्तव्य र जिम्मेवारीका सन्दर्भका व्यापक तछलफल तथा समिक्षा गरिएको थियो भने विपद् प्रतिकार्यका निमित्त पूर्व तयारी अवस्थामा रहने विषयमा जोड दिइएको थियो । आकस्मिक प्रतिकार्य समितिमा शाखाका पदाधिकारी तथा सदस्यहरु, सीप युक्त जनशक्ति, उपशाखा र स्थानीय पालिकाका प्रतिनिधिहरुको समेत् प्रतिनिधित्व गराइएको छ ।

# समुदायमा चुल्हो सम्बन्धी अभिमुखीकरण तथा वितरण




सुधारिएको फलामे चुलो परियोजना अन्तर्गत अन्नपूर्ण मिति २०८०/०२/१३ गते अन्नपूर्ण गाउँपालिका वडा नं. ९ स्थित सुदामे समुदायमा फलामे चुलो वितरण गरिएको हो ।

सुधारिएको फलामे चुलो उपभोक्ता समिति अध्यक्ष राजेश पुनको अध्यक्षतामा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका मन्त्री सुरेन्द्र गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा अन्नपूर्ण गाउँपालिका सदस्य पुष्पा पुन परियोजना व्यवस्थापक कल्पना ज्ञवाली, परियोजना ईन्जिनियर सागर सापकोटा, परियोजनाका फिल्ड सुपरभाईजर सुवास सापकोटा लगायतको सहभागिता थियो । उक्त परियोजनाको सहजीकरण उपभोक्ता समिति अध्यक्ष राजेश पुनले गर्नुभएको थियो ।

उक्त कार्यक्रम सञ्चालन परियोजनाका सामुदायिक कार्यकर्ता संजय पौडेलले गर्नुभएको थियो । चुलोको प्रयोग के कसरी गर्ने गरि चुलो बालेर डेमो सहित समुदायका जिज्ञासा बारे उर्जा नेपालका प्राविधिक साथै सामुदायिक कार्यकर्ता संजय पौडेलले सहजीकरण गर्नुभएको थियो । कास्की शाखाका मन्त्री सुरेन्द्र गुरुङले ३५ घरका समुदायलाई सुधारिएको फलामे चुलो वितरण गर्नुभएको थियो ।

यसैबिच सुधारिएको फलामे चुलो परियोजना अन्तर्गत मिति २०८०/०२/१७ गते अन्नपूर्ण



गाउँपालिका वडा नं ९ स्थित मौजा समुदायमा फलामे चुलो वितरण गरिएको छ ।

सुधारिएको फलामे चुलो उपभोक्ता समिति उपाध्यक्ष भीमकुमारी जैसीको अध्यक्षतामा अन्नपूर्ण गा.पा. वडा नं. ९ का वडा अध्यक्ष रमेश गुरुङको प्रमुख आतिथ्यता नेपाल रेडक्रस सोसाइटी कास्कीका सदस्य विकास समिति संयोजक कमलप्रसाद पौडेल तथा जिल्ला शाखा सदस्य फणिन्द्रराज पराजुली साथै कार्यपालिका सदस्य पुष्पा पुनको विशेष उपस्थितिमा वडा जनप्रतिनिधिहरु सहित, परियोजना फिल्ड सुपरभाईजर सुवास सापकोटा लगायतको सहभागिता थियो ।

उक्त परियोजनाको सहजीकरण टोल विकास समिति अध्यक्ष धनबहादुर क्षेत्री ले गर्नुभएको थियो । उक्त कार्यक्रम सञ्चालन परियोजनाका सामुदायिक कार्यकर्ता सञ्जय पौडेलले गर्नु भएको थियो । चुलोको प्रयोग के कसरी गर्ने, चुलोका फाईदा विषय तथा प्रयोगात्मक प्रयोग गरी चुलो बालेर (डेमोस्ट्रेशन) सहित समुदायका जिज्ञासाबारे उर्जा नेपालका प्राविधिक साथै सामुदायिक कार्यकर्ता संजय पौडेलले सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रबाट ४३ घरधुरी लाभान्वित भएका छन् ।

यसैगरी सुधारिएको फलामे चुलो परियोजना अन्तर्गत अन्नपूर्ण गाउँपालिका वडा नं. ८ स्थित दाङसिङ मोहोरिया समुदायमा मिति २०८०/०२/३१ गते फलामे चुलो अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका मन्त्री सुरेन्द्र गुरुङको प्रमुख आतिथ्यता दाङसिङ घान्द्रुक उपशाखा सभापति मिना कुमारी गुरुङको अध्यक्षतामा साथै सम्पन्न उक्त कार्यक्रम सञ्चालन परियोजनाका सामुदायिक कार्यकर्ता संजय पौडेलले गर्नु भएको थियो । परियोजना अन्तर्गत कुल ६३ घर धुरीबाट मानसिङ विकको अध्यक्षतामा ९ सदस्य उपभोक्ता समिति गठन गरियो ।

यसैगरी सुधारिएको फलामे चुलो परियोजना अन्तर्गत अन्नपूर्ण गाउँपालिका वडा नं. ५ स्थित झोवाङ्ग समुदायमा फलामे चुलो अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

अन्नपूर्ण गा.पा. वडा नं. ५ का वडा अध्यक्ष जीवनाथ पौडेलको प्रमुख आतिथ्यतामा सल्यान उप शाखा सदस्य चूडामणि पौडेलको अध्यक्षतामा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका मन्त्री सुरेन्द्र गुरुङ साथै वडा जनप्रतिनिधिहरुको सहभागितामा नेपाल रेडक्रस सोसाइटी कास्की परियोजना फिल्ड सुपर भाईजर सुवास सापकोटाले परियोजना बारे जानकारी गराउनु भएको थियो । कार्यक्रम सञ्चालन परियोजनाका सामुदायिक कार्यकर्ता संजय पौडेलले गर्नुभएको थियो । परियोजना अन्तर्गत कुल ९३ घरधुरीबाट ध्रुवराज पौडेलको अध्यक्षतामा ११ सदस्य उपभोक्ता समिति गठन गरिएको थियो ।

# विपद् पूर्वतयारी सम्बन्धी सरोकारवाला निकायहरु बीच बैठक सम्पन्न



हाल विकसित भइरहेको मनसुनी तथा स्थानीय जलवायुका कारण यस क्षेत्रमा बढी रहेको प्रकोप र जोखिमलाई मध्य नजर गर्दै जिल्लाभित्र हुन सक्ने सम्भावित विपद्का घट्ना र त्यसबाट प्रभावित व्यक्ति तथा परिवारलाई तत्काल उद्धार तथा राहत सामग्री व्यवस्थापन गर्ने उद्देश्यका साथ शाखाका महिला उपसभापति एवं विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्का भण्डारीको अध्यक्षतामा विपद् व्यवस्थापन समिति र पोखरा महानगरपालिका भित्र रहि विगत देखि नै विपद्का क्षेत्रमा कास्की शाखासँग सहकार्य गर्दै आएका बिभिन्न संघ-संस्था र सरोकारवाला निकायहरु बीच आषाढ १७ गते कास्की शाखाका समन्वयात्मक बैठक सम्पन्न गरियो । समन्वयात्मक बैठकमा स्वागत सहित बैठकको उद्देश्य माथि शाखाका मन्त्री सुरेन्द्र गुरुङले प्रकाश पार्नु भएको थियो, भने यस बर्ष कास्की शाखाबाट पुर्‍याइएको राहत सहयोग र शाखाको पूर्वतयारीको अवस्थाका विषयमा कार्यालय प्रमुख मोहन सिंह खड्का र बरिष्ठ प्रशासन सहायक नवराज भण्डारीले बैठकलाई जानकारी गराउनु भएको थियो । बैठकको छलफलका क्रममा पोखरा चेम्बर अफ कमर्शका अध्यक्ष, नौलो घुम्ती नेपालका अध्यक्ष बद्रीविनोद प्रतिक, असल छिमेकी नेपालका प्रशासन प्रमुख सुरेन्द्र दास, गैसस महासंघ गण्डकीका उपाध्यक्ष पद्म पहारी, चिल्ड्रेन नेपालका कार्यकारी प्रमुख डिल्लीप्रसाद शर्मा, पृथ्वीराजमार्ग बस सञ्चालन कं.लि.का तर्फबाट ज्ञानबहादुर के.सी., पोखरा उद्योग बाणिज्य संघबाट उत्तममान बज्राचार्य, गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समिति, डेभिडफल युवा क्लव, सृजना बिकास केन्द्र, सिद्धार्थ क्लवका प्रतिनिधिहरुले विपद् जोखिम न्यूनीकरणका जोड दिँदै विपद् प्रभावित व्यक्ति तथा परिवारहरुलाई राहत सहयोग प्रदान गर्न एकद्वार प्रणालीबाट जानु पर्ने र रेडक्रस कास्की शाखासँग सहकार्य गर्दै अधिकतम सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । समन्वयात्मक बैठकको अन्तमा निवर्तमान सभापति डोलराज पाण्डेले कास्की शाखाबाट सञ्चालित गतिविधि र राहत लगायत मानवीय सेवाका क्षेत्रमा सम्पूर्ण निकायहरुको महत्वपूर्ण योगदान रहँदै आएकोमा आभार व्यक्त गर्दै आगामी दिनहरुमा समेत समन्वय र सहकार्य गर्दै विपद् लगायत मानवीय सेवाका क्षेत्रमा एक साथ अगाडि बढ्नु पर्नेमा जोड दिनु भयो । त्यसै गरी सभापति डण्डराज शर्माले सबैको साथ सहयोगबाट नै रेडक्रस कास्की शाखाले मानवीय सेवामा लाग्न उर्जा प्राप्त गरेको र अत्यन्त पारदर्शी ढंगले गतिविधिहरु सञ्चालन गरिरहेको बिचार व्यक्त गर्नु भयो । कार्यक्रमको अन्तमा संयोजक उर्मिला खड्का भण्डारीले सबैमा हार्दिक आभार प्रकट गर्नु भएको थियो ।

## ३९ औं वार्षिक...

सूचि तयार गर्ने र थप जनशक्ति उत्पादन गरी परिचालन गर्ने ।

५) विपद् सिकाई केन्द्रको स्थापना गर्ने ।

६) कार्यालयको पहिचान र कर्मचारीहरुको मनोभावना उच्च राखी मानवीय सेवा सञ्चालनमा प्रभावकारिता ल्याउन कर्मचारी पोशाकको व्यवस्थापन गर्ने ।

७) कास्की शाखा र रक्तसञ्चार सेवाका गतिविधिहरुलाई प्रभावकारी बनाउन स्रोतको खोजी गरी आधुनिक सेवा सुविधा सहितको सवारी साधनको व्यवस्थापन गर्ने ।

८) एक उपशाखा एक सामुदायिक युवा रेडक्रस सर्कलको स्थापना गर्ने ।

९) धन्यवाद प्रस्ताव : साधारण सभामा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरु र सभासदहरुलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव पाश गरियो ।

उक्त प्रस्ताव छानबिन समितिमा संयोजक बिष्णुप्रसाद भण्डारी र सदस्यहरुमा जीवन अधिकारी र मोहन सिंह खड्का रहनु भएको थियो ।

## युनिका फाउण्डेसनसँग बैठक सम्पन्न



नेपाल भ्रमणमा रहेका युनिका फाउण्डेसन दि नेदरल्याण्डस्का अध्यक्ष डान भान भिलिट, जोर्जिन भिलिट र कन्ट्री मेनेजर रमेश पौडेलको प्रतिनिधि मण्डलसँग शाखाका सभापति डण्डराज शर्माको नेतृत्वमा रहेको समितिले हाल सञ्चालनमा रहेका परियोजना र भविष्यमा सञ्चालन गरिने परियोजनाका विषयमा समेत् छलफल सहितको बैठक चैत्र २१ गते शाखाको सभाहलमा सम्पन्न गरेको छ । उक्त अवसरमा भ्रमणटोलीलाई शाखामा भव्य स्वागत गरिएको थियो भने भ्रमणटोलीले चैत्र १३ गते रामकोट तथा काउरे खानेपानी योजना र १४ गते हाँडीखोला खानेपानी परियोजनाको स्थलगत अनुगमन गरेको थियो । उक्त अवसरमा स्थानीय समुदायले भ्रमणटोली सहित रेडक्रस प्रतिनिधि मण्डललाई भव्य स्वागत गरेको थियो । साथै युनिका फाउण्डेसनको टोलीले निर्माणाधीन रक्तसञ्चार सेवा भवनको समेत निरीक्षण गरेको थियो । टोलीलाई चैत्र ११ गते साँझ शाखाका निर्वमान सभापति डोलराज पाण्डे सहितको पदाधिकारी तथा सदस्य र कर्मचारीका तर्फबाट पोखरामा फूलमाला सहित स्वागत गरिएको थियो ।

# मकैखोला खानेपानी परियोजना उद्घाटन तथा हस्तान्तरण कार्यक्रम सम्पन्न



युनिका फाउण्डेसन दि नेदरल्याण्ड्स र मादी गाउँपालिकाको सहकार्यमा यस शाखाद्वारा मादी गाउँपालिका वडा नं.-१० स्थित मकैखोला समुदायमा सञ्चालित खानेपानी परियोजनाको समुद्घाटन तथा परियोजना हस्तान्तरण कार्यक्रम यही आषाढ ३ गते एक समारोहका बीच मकैखोला समुदायमा सम्पन्न भयो । उपभोक्ता समितिका अध्यक्ष मातृका प्रसाद सुवेदीको अध्यक्षता र गण्डकी प्रदेश सभाका सदस्य एवं पूर्वमन्त्री बेदबहादुर गुरुङको प्रमुख आतिथ्यतामा सञ्चालित कार्यक्रममा परियोजनाको सफलता, यसले उपभोक्तामा पार्ने प्रभाव र परियोजनाको दीर्घकालिन उपयोगका विषयमा कास्की शाखाका निवर्तमान सभापति डोलराज पाण्डे, सभापति डण्डराज शर्मा पोडेल, युनिका फाउण्डेस दि नेदरल्याण्ड्सका नेपाल प्रतिनिधि रमेश पौडेल, पूर्व वडा अध्यक्ष कुलप्रसाद गुरुङ लगायतका व्यक्तिले आ-आफ्ना भनाईहरु राख्नु भएको थियो । उक्त अवसरमा उपभोक्ता समितिका सचिव कृष्ण सुबेदीले परियोजनाको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने प्रमुख अतिथि बेदबहादुर गुरुङले परियोजनाको उद्घाटन गर्दै भविष्यमा समेत् गाउँको दिगो विकासमा आफ्नो सक्रिय सहभागिता र भूमिका रहने प्रतिवद्धत्ता जनाउनु भएको थियो । सो अवसरमा कास्की शाखा र युनिका फाउण्डेसनका तर्फबाट स्थानीय उपभोक्ता समितिलाई बैधानिक रुपमा परियोजना हस्तान्तरण गर्नु भएको थियो । उक्त परियोजना अन्तरगत मकैखोला समुदायमा जम्मा ६८ वटा धारा निर्माण गरिएको छ ।

# हाँडीखोला लिफ्टिङ खानेपानी तथा सरसफाइ परियोजना हस्तान्तरण






युनिका फाउण्डेसन दि नेदरल्याड्सको आर्थिक सहयोग र मादी गाउँपालिकाको सहकार्यमा शाखाद्वारा मादी गाउँपालिकाको हाँडीखोला समुदायमा सञ्चालित खानेपानी परियोजनाको संपूर्ण निर्माण कार्य सम्पन्न गरी यही चैत्र १४ गते विशेष कार्यक्रमको आयोजना गरी युनिका फाउण्डेसन दि नेदरल्याण्डस्का अध्यक्ष डान भान भिलिटको प्रमुख आतिथ्यतामा परियोजनाको उद्घाटन गरी समुदायलाई परियोजना हस्तान्तरण गरिएको छ । युनिका फाउण्डेसनका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, रेडक्रसका पदाधिकारी तथा सदस्यहरु, उपभोक्ता समिति, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुको सहभागितामा आयोजित उद्घाटन कार्यक्रममा उपभोक्ता समितिका तर्फबाट बाजागाजासहित स्वागत, परियोजनाको प्रतिवेदन प्रस्तुत गरिएको थियो भने शाखाका निवर्तमान सभापति डोलराज पाण्डे, युनिका फाउण्डेसनका अध्यक्ष डान भान भिलिट, जोर्जिन भिलिट, कन्ट्री डाइरेक्टर रमेश पौडेल लगायतबाट परियोजनाको दिगोपना र संस्थाको उद्देश्य माथि प्रकाश पार्दै परियोजनाले समुदायमा पार्ने सकारात्मक प्रभाव र यसको उपयोगका सन्दर्भमा चर्चा गर्नु भएको थियो । उक्त अवसरमा उपभोक्ता समितिका तर्फबाट परियोजनामा सहयोग पुऱ्याउने कर्मचारी लगायत दातृ निकायलाई मायाको चिनो सहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

# विपद् तथा जोखिम ब्यवस्थापन

नेपाल रेडक्रस सोसाइटी कास्की शाखामा २०८० बैशाख महिनामा विपद्बाट प्रभावित ६ घरपरिवार रेडक्रस उपशाखा तथा स्थानीय वडा कार्यालयवाट सिफारिस भई आएको थियो। उक्त ६ घर परिवार मध्ये हावाहुरीबाट ५ घरपरिवार र आगलागीबाट १ घरपरिवार प्रभावित भएका थिए । प्रभावित परिवारलाई यस शाखावाट नियमानुसार राहत सामग्रीहरु उपलव्ध गराइएको छ ।

# नेरेसो पोखरा-११ उपशाखाको अधिवेशन सम्पन्न

नेपाल रेडक्रस सोसाइटी पोखरा-११ उपशाखाको निर्वाचन अधिवेशन यही २०८० ज्येष्ठ ३० गते सम्पन्न भएको छ । उक्त अधिवेशनबाट २ वर्षे कार्यकालको लागि पुरुषोत्तम लामिछाने सभापति, सरस्वती भण्डारी बराल महिला उपसभापति, सूर्यप्रसाद घिमिरे सचिव, पार्वती आचार्य कोषाध्यक्ष, बसन्तराज कोइराला उपसचिव, निरु पराजुली उपकोषाध्यक्ष, इन्द्रकुमारी आचार्य महिला सदस्य, र क्रमश: इन्दिरा कुमारी दाहाल, सुन्दर आचार्य, बुद्धिसागर घिमिरे र टीकाराम लामिछाने सदस्य पदमा निर्बिरोध हुनु भएको छ ।

# कोभिड १९बाट प्रभावितलाई जिविकोपार्जनमा सहयोग

नेपाल रेडक्रस सोसाइटी कास्कीले शहरी उत्थानशीलता निर्माण कार्यक्रम (युआरबीएएन.सी) तथा उत्थानशील जिविकोपार्जन (रेसीलेन्ट लाइभीहुड प्रोग्राम) कार्यक्रम अन्तर्गत कोभिड १९बाट प्रभावित १सय ६९ परिवारलाई जिविकोपार्जनमा सहयोग गरेको छ ।

कोभिड १९बाट जिविकोपार्जनमा समस्या भएका पोखरा महानगरपालिका वडा नम्बर ६, १३ र १८ वडाका ति लाभग्राहीलाई प्रति परिवार ४० हजारको दरले व्यवसाय सञ्चालनको लागि आर्थिक सहयोग प्रदान गरेको कार्यक्रम संयोजक देवनारायण पौडेलले जानकारी दिनु भयो । कोभिड प्रभावित र तथा संकटासन्न परिवारको लागि रेडक्रसले जिविकोपार्जन सुधार योजना निर्माण गरेको छ ।

कुल १सय ६९ लाभग्राही मध्ये ४२ जनालाई बाख्रापालन,३६ जनालाई कुखुरापालन, ४४ जनालाई व्यपार व्यवसाय,, ७ जनालाई भैसी पालन, २ जनालाई तरकारी खेती, १ जनालाई बंगुरपालन, १५ जनालाई ठेला व्यवसायको लागि सहयोग गरिएको छ । २२ जना लाभग्राहीलाई विभिन्न सीपमुलक तालिमको लागि गण्डकी टेक्नीकल ट्रेनिङ सेन्टरमा तालिम सञ्चालनका लागि शर्त सहित अनुदान प्रदान गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटीले महानगर स्तरमा स्थानीय सरकार र शहरी जनसंख्या सहित विशेष लक्षित समूहको विपद् उत्थानशीलता अभिबृद्धि गर्ने लक्ष्यका साथ सन २०१६ देखि २०२१सम्म ५ वर्षको लागि पोखरा महानगरपालिका उत्थानशील नगर प्रवर्द्धन र सहभागिता (एसयुआरइ) कार्यक्रम चलाएको थियो । सो कार्यक्रमको सफलता पूर्वक भए पश्चात जनघनत्वको बृद्धिदर उच्च रहेको पोखरा महानगरपालिकामा कार्यक्रमको माध्यमबाट रेडक्रस गतिविधिलाई निरन्तरता दिने उद्देश्यका साथ सन २०२१ देखि २०२३सम्म २ वर्षको लागि विशिष्ट सञ्जाल मार्फत शहरी उत्थानशीलता निर्माण र उत्थानशील जिविकोपार्जन कार्यक्रम सञ्चालन गरिएको छ ।

त्यसै गरी पोखरा महानगरपालिकालाई जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण सिकाई केन्द्र सञ्चालन गर्न रेडक्रसले सूचना प्रविधि तथा कार्यालय व्यवस्थापन सामाग्री उपलब्ध गराई कार्यालय स्थापना गरेको छ । ब्रिटिश रेडक्रसको आर्थिक सहयोगमा ति सामानहरु नेपाल रेडक्रस सोसाइटी कास्की मार्फत पोखरा महानगरपालिकालाई शहरको प्रकोप प्रतिरोधात्मक क्षमता बढाउने प्रयासको लागि हस्तान्तरण गरिएको छ । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले विपद् व्यवस्थापनको लागि एकिकृत योजना निर्माण गरेको जानकारी दिनु भयो । मेयर आचार्यका अनुसार महानगरको आपतकालिन प्रतिक्रिया प्रणालीलाई एउटै स्थानबाट नियन्त्रण गरी कुनै किसिमको विपद् परेमा तत्कालै राहत तथा उद्दार कार्य सञ्चालन गर्ने गरी निरन्तर तयारी अवस्थामा राख्नु सिकाई केन्द्रको मुल उद्देश्य हो । साथै कार्यालय व्यवस्थापन र सूचना प्रविधिको पूर्ण उपयोग गर्दै रेडक्रससँगको सहकार्यमा विपद् जेखिम सिकाई केन्द्र सञ्चालन गरिने मेयर आचार्यले बताउनु भयो ।



**रेडक्रसको सहयोगले मेरो जीविकोपार्जनलाई फस्टाउँदो व्यवसायमा परिणत गऱ्यो : धनमाया महर्जन**

नमस्कार मेरो नाम धनमाया महर्जन हो । मेरो घर पोखरा महानगरपालिका वडा न. ६ गाईघाटको अव्यवस्थित बसोबासमा रहेको छ । म ६० वर्षीय एकल महिला हुँ, मेरो परिवार ६ जनाको थियो ।

कोभिड भन्दा अगाडि मेरो घरायसी जीवन नै कष्टकर थियो । मेरो श्रीमान् मुटुको रोगी हुनुहुन्थ्यो, दबाई गर्दा पनि बचाउन सकिन र मृत्यु भयो । श्रीमानको मृत्यु पश्चात् छोरा बिरामी हुन् पुग्यो, उपचार गर्दा पनि उसलाई बचाउन सकिन । पारिवारिक सदस्यहरू गुमाउँदा घरको जिम्मेवारी सबै मैले हेर्नुपर्ने थियो, त्यसै समयमा बुहारीले आफु सँगै नातिनातिनी लिएर घर छोड्दा मेरो जीवन साह्रै पीडादायी रह्यो । त्यस समयमा आफ्नो भन्ने कोहि भएन, बाँचू कि मरुँ भन्दै भौतारिदै हिडें । मरुँ भने काल आउदैन, आफै मर्न पनि सकिएन भएको थियो ।

केही वर्ष पश्चात् घरको यादले नातिनी मामाघर बस्न सकिन, मलाई स्कुल पठाइदिनु र सधै सगै बस्छु भन्दै घर फर्की । संन २०१७ मा नातिनी घर फर्केर आउँदाको खुसी मेरो बाँच्ने आधार बन्न पुग्यो । मेरो आयआर्जनको श्रोत केही नहुँदा पनि, नातिनीलाई खुसी राख्छु भनी ज्याला मजदुरी र अरुको घरमा काम गर्न थाले । नातिनी ८ कक्षा पढ्न स्कूल जान्थी, म ज्यामी काम गरि घरखर्च र स्कुल फिस सकीनसकी पुऱ्याउथे । केही वर्षपछि म आफै बिरामी भएँ । त्यो बेला काम गर्न सकिनँ, आम्दानीको वाटो केही थिएन । सो समयमा २ हजार रकम जोगाएकी थिए र पो सानो चिया बिस्कुट दोकान घरबाटै चलाउन सकें । पसलबाट केही आम्दानी गरि घर खर्च चलाउन सक्ने भएकी थिएँ । केही महिना पछि कोराना आयो र पसल ठप्प रहयो ।

कोरोनाको समयमा अरु काम नपाउँदा म जस्तो अभागी कोही रहेनछ भन्ने महसुस गरें । अब के खाने, कतै कसैसँग सहयोग र पैसा माग्दा केही पाइएन । खानु पऱ्यो, बाँच्नु पर्यो के गर्नु । आफूसँग भएको ३ तोला सुन बेचेर घर चालाए । कोरोनाले म र नातिनी सिकिस्त बिरामी भई सम्पति सकियो र झन् ऋण थपियो । केहि दिन पछि वडाले अलिअलि रासन उपलब्ध गरायो । रासनले केही दिनलाई मात्र पुग्यो, फेरि के खाएर बाच्ने भन्ने भयो । पैसाको अभावले गर्दा नातिनीको पढाई पनि पुरा गर्न सकिनँ र नातिनीको भविष्य सोचेर एकदमै दुखी थिएँ । वडा कार्यालयमा केहि राहत पाइन्छ कि भनि बुझ्न जादा, कोरोना प्रभावित परिवारलाई रेडक्रसले सहयोग

बाँकी पृष्ठ ११ मा

# कोभिड १९ बाट...

गर्ने कार्यक्रम आएको छ भन्ने थाहा पाउदा निकै खुसी भएँ । केही कागजात र पारिवारिक विवरण बुझाइ निवेदन दिएँ । कागजात बुझाएको केही दिन पछी रेडक्रसको मेडमहरू घरमा आउनुभयो र मलाई भेट्नुभयो । रेडक्रसको कार्यक्रमको लागि म योग्य भई छनोट भएको कुराले निकै खुसी भएँ । मलाई कुखुरापालन गरि आम्दानी गर्छु भन्ने रहर थियो, अनि मेडमहरुले फारमहरू भर्नु भयो । केहि दिन पछि सरमेडमहरूले रु. ३५,००० कुखुरापालनको लागि रेडक्रस सहयोग पाउने र मुक्तिनाथ बैंकमा खाता खोल्न भन्नु भयो । केहि हप्तापछि पहिलो किस्तामा रु.२१,००० प्राप्त गरें । त्येस पैसाले खोर किनेर ३० वटा चल्ला हालें । अर्को हप्तामा दोश्रो किस्ता रकम रु. १४,००० प्राप्त गरे । दोश्रो किस्ताको रकमले दाना, भिटामिन, आवश्यक सामग्री खरिद गरे । म लागि परेर कुखुराको हेरचाह गरें । मेडमहरुले बेलाबखत फोन गर्दा निकै खुसी भएर कुखुरापालनको गतिविधि सुनाउँथे । रेडक्रसको विभिन्न तालिममा सहभागी हुन् पाउँदा मैले धेरै कुरा सिके । तालिममा सहभागी भएर कुखुरापालन सम्बन्धि, बचत, बीमा, विपद्को कुरा र बोल्न सक्ने क्षमताको विकास भएको अनुभूति गरेको छु । समय बितेको पत्तै भएन, कुखुरा हुर्किंदै गएका थिए र कुखुरा कसरी बिक्री गर्ने भन्ने चिन्ता लाग्न थाल्यो । रेडक्रसबाट देव सर, आदर्श सर र सावित्रा मेडमले बजारको लागि समुदाय र होटलहरुमा आफ्नो व्यवसायको प्रचार गर्न सिकाउनु भयो । त्यो सिकाइ मेरो जिन्दगीमा महत्वपूर्ण रहयो र केहि दिनपछि ग्राहकहरू मेरो घर खोज्दै कुखुरा किन्न आए । मैले २३ ओटा कुखरा बेचेर रु. ३०,००० कमाएँ र बाकी ७ वटा कुखुराबाट हाल दैनिक रु. १४० आम्दानी गर्छु । आम्दानी गरेको रकम घरखर्चमा प्रयोग गरि बचत पनि गरेको छु । बचत गरेको रकम खोर मर्मत र फेरि चल्ला हाल्नको लागि मैले जोगाएर राखेको छु । रेडक्रसको सहयोग र सहजीकरणले गर्दा मैले सामाजिक विकास महाशाखाको उप-मेयरसँग महिला कार्यक्रमबाट रु एक लाख रकम ऋण प्राप्त गर्न सफल भएँ । त्यस ऋणलाई मैले व्यवसाय बृद्धि र खोर व्यवस्थापनको लागि प्रयोग गर्नेछु । रेडक्रसको सिकाइले गर्दा मैले समुदायमा बोल्न सक्ने भए, अहिलेको अवस्थामा समुदायमा केही समस्या परे मेरो घरमा सोध्न आउनुहुन्छ । अहिलेको अवस्थासम्म आइपुग्दा, मेरो जीवनमा भौतिक, आर्थिक र सामाजिक विकास भएको महसुस गर्छु । रेडक्रसबाट विभिन्न अवलोकनको लागि सर मेडमहरू आउँदा मैले सिक्ने अवसर पाउँछु र मेरो काम देखेर सर मेडम खुसी भएर हौसला प्रदान गर्नुहुन्छ । म रेडक्रसको सहयोग देखेर निकै आभारी छु र सरमेडमलाई धेरै धन्यवाद दिन चाहन्छु ।

# बाथरोग पहिचान तथा उपचार सम्बन्धी नि:शुल्क परीक्षण




नेपाल रेडक्रस सोसाइटी, पोखरा २/३ उपशाखाको आयोजनामा "विश्व रेडक्रस दिवस" को पावन अवसरमा नेशनल बाथरोग सेन्टर, रातोपुल, काठमाडौंका वरिष्ठ बाथरोग विशेषज्ञ डाक्टर सुधिर कर्माचार्यबाट नि:शुल्क बाथरोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम मिति २०८०/०१ / २३ गते पोखरा महानगरपालिका वडा कार्यालय वडा नं. ३ को आर्थिक सहयोगमा कोपिल ढुङगा शान्ति मिजार समाजको भवनमा सम्पन्न गरियो । उक्त कार्यक्रममा बाथरोग सम्बन्धी रगत परीक्षण कार्यहरु जस्तै CRP, ESR, URIC ACID, RBS जस्ता कार्यहरु भए । शिविरमा ५३ जना महानुभावहरुको रगत परीक्षण गरिएको थियो । नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका सभापति डण्डराज शर्माको प्रमुख आतिथ्यतामा व्यानरमा हस्ताक्षर गरी उक्त कार्यक्रमको शुरुवात गरिएको थियो, कार्यक्रममा बरिष्ठ बाथरोग विशेषज्ञ डा. सुधिर कर्माचार्यले बाथरोग सम्बन्धी जनचेतना मूलक कार्यक्रमका बारेमा सबैलाई जानरी गराउनुभएको थियो र सहभागी सबै जनाको बाथरोग सम्बन्धी रिपोर्टहरुको अध्ययन गरि सबैलाई जानकारी गराउनु भएको थियो ।

उक्त कार्यक्रममा तत्सम्वन्धी यथार्थता बाध उपसभापति सावित्री (बराल) पराजुली, रेडक्रसका ७ सिद्धान्तहरु सोममाया राइले बाचन गर्नुभएको थियो भने नेरेसो कास्कीका पूर्व उपसभापति टंकमान नापित, डा. सुधिर कर्माचार्य समेतले यस उपशाखाले ज्यादै प्रशंसनीय कार्य गरेको भनी प्रशंसा गर्नुभएको थियो ।

कार्यक्रममा सहयोग गर्नुहुने विभिन्न संघ संस्थाहरु बाथरोग सेन्टर लगायत आर्थिक सहयोग प्रदान गर्ने पोखरा मा.न.पा. वडा कार्यालय ३ लाई कार्यक्रम संयोजक गीता अधिकारीले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने कार्यक्रम संचालन सचिव विन्दु शर्मा पराजुलीले गर्नु भएको थियो उक्त नि: शुल्क बाथरोग सम्बन्धी परीक्षण कार्यक्रम नेपाल रेडक्रस सोसाइटी पोखरा २/३ का सभापति खगेन्द्रराज पराजुलीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# विपद् व्यवस्थापन अभिमुखीकरण कार्यक्रम सम्पन्न

नेपाल रेडक्रस सोसाइटी, पोखरा-१५ उपशाखाको आयोजनामा जेष्ठ( ३१ र ३२ साथै असार ८ र ९ गते गरी दुई चरणमा रेडक्रसका सदस्यहरु, टोलविकास संस्थाका पदाधिकारी एवं सदस्यहरु, आमा समुहहरुका प्रतिनिधिहरु र स्थानीय जनप्रतिनिधिहरुको सहभागितामा विपद् व्यवस्थापन अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । यस कार्यक्रमका शाखाका सभापति डण्डराज शर्मा पौडेल, उपसभापति उर्मिला खड्का र मन्त्री सुरेन्द्र गुरुङ को उपस्थिति रहेका थियो भने कार्यक्रमको सहजकर्ताको रुपमा शाखाका कर्मचारी कल्पना ज्ञवाली, नवराज भण्डारी, लिला देवकोटा, प्रशिक्षक गणेश भण्डारी लगायतले सहभागीहरुलाई सहजीकरण गर्नुभएको थियो । कार्यक्रमको संयोजन पोखरा महानगरपालीका वडा नं. १५ बाट गरिएको थियो ।

यसै गरी अन्य उपशाखाहरुमा पनि विपद् व्यवस्थापन अभिमुखीकरण कार्यक्रमहरु सम्पन्न भएका छन् । यस अवधिमा पोखरा २० उपशाखा, पोखरा १७ उपशाखा, पोखरा १२ उपशाखा र पोखरा १ उपशाखाहरुको आयोजनामा विपद् व्यवस्थापन अभिमुखीकरण कार्यक्रमहरु सम्पन्न भएका छन् । कार्यक्रममा शाखाका उपसभापति उर्मिला खड्का भण्डारी, कार्यालय प्रमूख मोहनसिंह खड्का, प्रशिक्षकहरुमा नवराज भण्डारी, गणेश भण्डारी, देवनारायण पौडेल लगायतका सहभागीता रहेको थियो ।

# रक्तदान कार्यक्रम सम्पन्न

नेपाल रेडक्रस सोसाइटी, पोखरा १५ उपशाखा र अलकापुर बचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजनामा २०८० बैशाख २४ गते रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा स्वयंसेवी रक्तदाताहरुबाट ४४ युनिट रगत संकलन भएको थियो ।

यसै गरी पोखरा १२ उपशाखाको आयोजनामा जेष्ठ ६ गते रक्तदान कार्यक्रम सम्पन्न भएको छ । यस कार्यक्रममा स्वयंसेवी रक्तदाताहरुबाट ९१ युनिट रगत संकलन भएको थियो ।

नेपाल रेडक्रस सोसाइटी पोखरा-२६ राखी युवा सर्कलको आयोजनामा जेष्ठ २० गते रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा स्वयंसेवी रक्तदाताहरुबाट ६१ युनिट रगत संकलन भएको थियो ।



शुभकामना आदान प्रदान एवं गोजी पात्रो विमोचन कार्यक्रम सम्पन्न:

नेपाल रेडक्रस सोसाइटी पोखरा(२६ उपशाखा र राखी युवा सर्कलको आयोजनामा चैत्र २४ गते रेडक्रस सचेतना कार्यक्रम तथा २०८० सालको प्रकाशित गोजी पात्रो विमोचन कार्यक्रम शाखाका मन्त्री सुरेन्द्र गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । कार्यक्रममा शाखाका सदस्य एवं जुनियर युवा समितिका संयोजक रमेशराज भण्डारी, लगायत उपशाखाका कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुको उपस्थिति रहेको थियो ।

साथै राखी युवा सर्कलको आयोजनामा बैशाख २३ गते साधारण सभा एवं सदस्यहरुलाई शेयर र विमा सम्वन्धी आधारभुत तालिम कार्यक्रम सम्पन्न भएको थियो ।

# नेपाल रेडक्रसको आँखा शिविरबाट ६ सय लाभान्वित

नेपाल रेडक्रस सोसाइटी पोखरा २९, ३० उपशाखाको आयोजनामा मंगलबार एक दिने नि:शुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको छ। हिमालय आँखा अस्पताल, घारीपाटन, पोखरा सहकार्यमा र पोखरा ३० राम मन्दिरको भवनमा सञ्चालित शिविरमा सो क्षेत्रका ५ सय ७१ जना सर्वसाधारणले आँखा परीक्षण गराएका छन् ।

आँखामा मोतियाविन्दुको समस्या देखिएको र धेरै जसोमा आँखामा पानीको कमीका कारण सुख्खापन भई आँखा चिलाउने, टाउको दुख्ने जस्ता समस्या देखिएको आँखाको औषधी चश्मा र मोतियोविन्दु भएकालाई रेडक्रसद्वारा अप्रेसन गर्नेलाई नि:शुल्क उपचारको व्यवस्था समेत् गरिने नेपाल रेडक्रस सोसाइटी पोखरा २९, ३० शाखाका सभापति विश्वमोहन पौडेलले बताउनुभयो । शिविरमा हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा अस्पतालको आँखा सम्बन्धी चिकित्सकहरु डा. रुपसिंह बोहोरा, गरिमा लौडारी, स्नेहा पाण्डे, साधना कोटी, रुष्मा गुरुङ र दीपक मल्ल लगायत आधार दर्जन बढी स्वास्थ्यकर्मीहरुले प्रत्यक्ष सेवा दिएका थिए । शिविर औषधी तथा चश्मा समेत नि:शुल्क वितरण गरिएको थियो । शिविरमा पोखरा २९, ३० उपशाखाका सचिव रामचन्द्र पौडेल, सदस्य थानेश्वर न्यौपाने, र विशिष्ट अतिथि जिल्ला रेडक्रसका कोषाध्यक्ष सन्तोष अधिकारी र रेडक्रसका सदस्यहरु लगायतको समेत् उपस्थित रहेको थियो ।

शिविरमा ७ जनाका मोतिविन्दुको नि:शुल्क उपचार हिमालय आँखा अस्पताल पोखरामा गरिने जानकारी डा. रुपसिंह बोहोराले जानकारी दिनुभयो ।

# रेडक्रस परिचय एवं विपद् व्यवस्थापन अभिमुखीकरण कार्यक्रम सम्पन्न

नेपाल रेडक्रस सोसाइटी, पोखरा-३३ उपशाखाको आयोजनामा २०८० असार ७ गते रेडक्रस परिचय एवं विपद व्यवस्थापन अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा शाखाका सदस्य डिल्लीराम बराल र कर्मचारी देवनारायण पौडेलको सहभागिता रहेको थियो भने कार्यक्रममा उपशाखाका पदाधिकारी एवं सदस्यहरु, रेडक्रसका आजिवन सदस्यहरुको उपस्थिति रहेको थियो ।

# लाहाचोक उपशाखाको साधारण सभा सम्पन्न

नेपाल रेडक्रस सोसाइटी माछापुच्छ्रे गाउँपालिका ४ लाहाचोक उपशाखा साधारण सभा सम्पन्न भएको छ।

महेन्द्र माविको सभाहलमा सम्पन्न साधारणसभामा उपशाखाले पूर्व सभापतिहरु यदुराम अधिकारी, लीलाधर अधिकारी र नारायणप्रसाद पौडेललाई सम्मान गरेको थियो भने गाउँमा विभिन्न सामुदायिक सेवाका साथ जुनसुकै अवस्थामा पनि उद्धार सहयोगमा भूमिका खेल्ने एम्बुलेन्स चालक सुशील श्रेष्ठलाई सम्मान गरेको थियो ।

उपशाखामा २७ जना नयाँ आजीवन सदस्यहरुलाई सदस्यताको प्रमाणपत्र वितरण गरिनुको साथै १८ औं साधारणसभा पूर्व आयोजित निबन्ध लेखन प्रतियोगितामा उत्कृष्ट प्रथम, द्वितीय र तृतीय विद्यार्थीहरुलाई पुरस्कार विरण गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको उपसभापति उर्मिला खड्का भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संस्थाका सभापति केशवराज पौडेलले संस्थाको गतिविधि र भावी कार्ययोजना गर्नु भएको थियो भने कोषाध्यक्ष श्रीकान्त पौडेलले संस्थाको आर्थिक गतिविधिको बारेमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा कार्यबाहक वडा अध्यक्ष रवि अधिकारीले क्यान्सर पीडितलाई आफूले प्राप्त गर्ने पारिश्रमिक एक महिनाको पुरै सहयोग गर्ने र उपशाखाबाट सुरु गरिने राहत कोषमा रु तीन हजार प्रदान गर्ने घोषणा गर्नुभएको थियो ।

उपशाखाका सभापति केशवराज पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रम सञ्चालन कृष्णप्रसाद अधिकारीले गर्नुभएको थियो ।

# उपशाखा साधारण सभा सम्पन्न

चैत्र महिनामा शाखा अन्तर्गत रहेका नेरेसो पोखरा-५ उपशाखा, पोखरा- ८ उपशाखा, माछापुच्छ्रे-४ उपशाखा लाहाचोक, माछापुच्छ्रे-५ उपशाखा रिभान, रुपा-३,४,५ उपशाखा देउराली, मादी-३,४,५,११ एपशाखा थुमाकोडाँडा लगायतका उपशाखाहरुको साधारणसभा सम्पन्न भएका छन् ।

# नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित एम्बुलेन्स सेवा

विरामीहरुको जीवन रक्षाका लागि तत्काल अस्पतालसम्म पुऱ्याउन कास्की शाखाले एम्बुलेन्स सेवा सञ्चालन गरेको छ ।

२०७९ चैत्र महिनादेखि २०८० असार मसान्तसम्म ९२ जना स्थानीय स्तरमा (जिल्ला भित्र) र २४ जना जिल्ला वाहिर काठमाडौं, भरतपुर अस्पताल पुऱ्याउन एम्बुलेन्स सेवा प्रदान गरिएको छ । यसै गरी कास्की शाखाद्वारा गठन गरिएका उपशाखाहरुले स्थानीय स्तरमा विरामीहरुलाई स्वास्थ्य चौकी, अस्पतालहरुसम्म पुऱ्याउन स्टेचर सेवा प्रदान गर्ने गरिन्छ । यस अवधिमा विभिन्न उपशाखाहरुले ९६ जना विरामीहरुलाई स्टेचर बाट सेवा प्रदान गरेका छन् ।

| क्र.सं. | महिना | स्थानीय | बाह्य | जम्मा | स्ट्रेचर सेवा |
|---|---|---|---|---|---|
| १. | २०७९ चैत्र | २७ | ४ | ३१ | २६ |
| २. | २०८० वैशाख | १२ | ३ | १५ | २१ |
| ३. | २०८० जेष्ठ | २६ | ८ | ३४ | १५ |
| ४. | २०८० असार | २७ | ९ | ३६ | २४ |
| | जम्मा | ९२ | २४ | ११६ | ९६ |

# रक्त सङ्कलन र वितरण

नेपाल रेडक्रस सोसाइटी कास्की प्रादेशिक रक्तसञ्चार सेवा पोखराले नियमित रुपमा विभिन्न रक्तदाता संघसंस्था व्यक्तिहरुको सहभागितामा रक्तदान कार्यक्रमहरुको आयोजना गरी रगत सङ्कलन गर्दै आएको छ । वार्षिक रक्तदान क्यालेण्डर अनुसार संस्थाहरुसँग समन्वय गरी रक्त अभाव हुँदा आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरी रक्त आपूर्ति गरी तत्काल बिरामीहरुलाई डाक्टरको सिफारिस अनुसार परीक्षण गरी शुद्ध रगत आपूर्ति गरिएको छ। २०७९ चैत देखि २०८० आषाढ मसान्तसम्म रक्तदान गर्ने संघसंस्थाहरुको नामावली रक्तदान युनिट संख्या निम्नानुसार रहेको छ ।

## चैत्र २०७९

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| नेरेसो बाग्लुङ्ग रक्त सञ्चार सेवा | १४ |
| पोखरा फाइनान्स लिमिटेड, न्यूरोड पोखरा | ५१ |
| नेकपा एमाले धादिङ्ग पोखरा सम्पर्क मञ्च, पोखरा ८ | ४९ |
| रतनपाण्डे बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १३ | ४५ |
| श्री सत्य साई केन्द्र सेती गंगा, पोखरा ११ | २९ |
| सिद्धार्थ क्लव , बगालेटोल पोखरा | ६४ |
| गण्डकी मिजार समाज, पोखरा २६ | ६८ |
| श्री आर्वा वहुउद्देश्यीय सहकारी लि, पोखरा १३ | ४२ |
| नेपाल कम्युनिष्ट पार्टी वडा कमिटी १९ , पोखरा १९ | ३२ |
| बुद्ध विशाल वजार ब्यापारिक एशोसिएसन , पोखरा ४ | ५१ |
| शीप हस्तान्तरणद्वारा सशक्तीकरण (नेष्ट) पोखरा, पृथ्वीचोक पोखरा | ३२ |
| शान्ति पाटन बचत तथा ऋण सहकारी संस्था लि, बैदाम | ३२ |
| सनराइज क्लव, लेखनाथ | ५६ |
| सर्वहित बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ५ | २३ |
| लायन्स क्लव अफ पोखरा हिमालयन , पोखरा १ | ३२ |
| रेडियो अन्नपूर्ण एफ.एम प्रा. लि , गैह्रापाटन पोखरा | ११० |
| जिल्ला सहकारी संघ लि - पोखरा ८ | १२५ |

| | |
|---|---|
| शुभकामना महिला विकास केन्द्र , पोखरा ४ | ४१ |
| नेपाल स्वंयसेवी रक्तदाता समाज शाखा, कास्की | ७ |
| नेरेसो स्याङ्जा रक्त सञ्चार सेवा | ८ |
| पोखरा महानगरपालिका कार्यालय, न्यूरोड पोखरा | ४९ |
| मानव मिलन संस्था पोखरा, पोखरा ७ | २९ |
| रोटऱ्याक्ट क्लव अफ मनिपाल, फुलवारी पोखरा | २२ |
| रामघाट चर्च, रामघाट | ३५ |
| सर्वेश्वर व्यवसायी समिति, सर्वेश्वर मार्ग पोखरा | ४६ |
| भृकुटी बचत तथा ऋण सहकारी संस्था लि, सभागृह चोक पोखरा | ३५ |
| श्री मिलन चण्डी कालिका कृषि सहकारी संस्था पोखरा ३१ | २५ |
| मदिरा व्यवसायी समिति, सिमलचौर पोखरा | ६१ |
| शान्तिदीप अभियानद्वारा संचालितआकस्मिक रक्तद(ान युनिट(आरदायु) पोखरा | २९ |

## वैशाख २०८०

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| श्री विन्ध्येश्वरी युवा क्लव, पोखरा १९ | ३९ |
| घारीकुलो बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १७ | २९ |
| सृजनशील क्लव, पुम्दीभुम्दी पोखरा | ५४ |
| नयन बचत तथा ऋण सहकारी संस्था लि, अमरसिंह पोखरा | ३९ |
| स्वतन्त्र शैक्षिक परामर्श संघ नेपाल, गण्डकी प्रदेश | ५१ |
| गन्तव्य अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि, अमरसिंह पोखरा | ४८ |
| युनाइटेड क्लव, अमरसिंह पोखरा | ५० |
| निर्माण व्यवसायी समिति, पथ्वीचोक पोखरा | ८० |
| सिटिजन्स बैकं इन्टरनेशनल लि, सिमलचौर शाखा पोखरा | २५ |
| नेपाल निजामति कर्मचारी संगठन, पथ्वीचोक पोखरा | २३ |
| पूर्वेली एकता समाज, कास्की | २६ |
| लेखनाथ नेवाः खल, लेखनाथ पोखरा | २९ |
| नेरेसो पोखरा १६ उपशाखा, पोखरा । | ४१ |
| सन्त निरन्कारी मण्डल नेपाल, स्याङजा | ६६ |
| लायन्स क्लव अफ पोखरा स्टक, न्युरोड पोखरा | ५३ |
| सन्त निरन्कारी मण्डल नेपाल कास्की, पोखरा २९ | ४० |
| कर्मचारी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ८ | २८ |
| सुशान्त क्लब , पोखरा १७ | ५१ |
| सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा, पोखरा २५ | ५६ |
| युवा बौद्ध संघ, नदीपुर पोखरा | ३७ |
| बाघमारा बहुउद्देश्यीय सहकारी संस्था लि, पोखरा ३३ | ४२ |
| नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि, न्यूरोड पोखरा | ५५ |
| सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि, तनहु | ३० |
| पोखरा जेसिस, महेन्द्रपुल पोखरा | ४३ |
| Leo International District 325 Nepal, महेन्द्रपुल पोखरा | २६ |
| नेरेसो पोखरा १५ उपशाखा र अलकापुर बचत तथा ऋण सहकारी संस्था लि | ४४ |
| नेरेसो बेनी रक्त सञ्चार सेवा | २९ |
| सुरक्षा पालुवा बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ३३ | ५६ |
| जीवन विज्ञान, विन्दवासिनी पोखरा | २३ |

| | |
|---|---|
| चरक मेमोरियल हस्पिटल, नागढुङ्गा पोखरा | ७० |
| सर्वेश्वर बचत तथा ऋण सहकारी संस्था लि, पोखरा २७ | ४० |
| अन्नत सामुदायिक सेवा समिति, विन्ध्यवासिनी पोखरा | ५८ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की , पृथ्वीचोक पोखरा | ७० |
| शान्तिदीप अभियानद्वारा संचालितआकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | ३३ |

## ज्येष्ठ २०८०

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| बागमती प्रदेश पोखरा सम्पर्क समाज पोखरा, पोखरा ३२ | ८० |
| श्री शीतल ज्योति युवा क्लव, पोखरा १२ | ४४ |
| फेवा सिटी हस्पिटल प्रा. लि, पोखरा ८ | ५८ |
| नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ८ | ७२ |
| काभ्रे-पोखरा मिलन समाज, पोखरा १० | ३३ |
| नेरेसो पोखरा १२, उपशाखा, पोखरा । | ९१ |
| डाँफे बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १ | ३५ |
| नेरेसो, बाग्लुङ्ग रक्त सञ्चार सेवा | २१ |
| पोखरा नगर रेष्टुरेन्ट तथा बार एशोसिएसन कास्की, पोखरा ८ | ४४ |
| अनेरास्ववियु नगर कमिटि, पोखरा १६ | ६८ |
| डिभाइन युथ क्लव नेपाल, पोखरा १५ | ५५ |
| पोखरा चेम्बर अफ कमर्श कास्की, पोखरा १७ | ४३ |
| सार्दीखोला बचत तथा ऋण सहकारी संस्था लि, पोखरा २ | ३७ |
| नेरेसो पर्वत रक्त सञ्चार सेवा | २१ |
| उन्नति बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ९ | ६५ |
| लायन्स क्लव अफ पोखरा सुन्दर चौतारी, पोखरा ६ | ३१ |
| सृजना विकास केन्द्र, पोखरा ८ | ४० |
| विनायक मेडिकल फार्मेसी, पोखरा १३ | ४० |
| स्वतन्त्र विद्यार्थी युनियन आदिकवि भानुभक्त क्याम्पस, दमौली तनहूँ | ५१ |
| जय मनकामना बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १६ | २७ |
| नेपाल विजुली पेन्टर प्लम्बर तथा निर्माण मजदुर युनियन कास्की, पोखरा १० | ५७ |
| नेपाल पुलिस स्कूल तनहूँ युथ रेडक्रस सर्कल, बेलचौतारा तनहूँ | ४७ |
| नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज, पोखरा १४ | १०० |
| नेरेसो, राखी युवा रेडक्रस सर्कल, पोखरा २६ | ६१ |
| हाम्रो सहयोगी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ९ | ३७ |
| हाम्रो दलित समाज, तनहूँ ४ | १०२ |
| सभ्यता बचत तथा ऋण सहकारी संस्था लि, पोखरा २६ | ९० |
| गण्डकी कलेज अफ इन्जिनियरिङ्ग एण्ड साइन्स, पोखरा १६ | ८० |
| स्वाभिमान बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १७ | ४४ |
| गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा १५ | १०८ |
| मेडिप्लस हस्पिटल, पोखरा १० | ४० |
| साशस्त्र प्रहरी बल, नेपाल नं ४ मुक्तिनाथ वाहिनी मुख्यालय, कास्की | ३१ |
| अन्नपूर्ण मिजार समाज, पोखरा १३ | २८ |
| नेपाल स्वंयसेवी रक्तदाता समाज, कास्की | ३० |
| राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, पोखरा ९ | ६४ |

| | |
|---|---|
| शान्तिदीप अभियानद्वारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | २० |

## आषाढ २०८०

| संघ संस्थाको नाम | युनिट |
|---|---|
| Pokhara college of management student club, पोखरा ३ | ७५ |
| धादिङ्ग पोखरा सम्पर्क समाज , पोखरा ८ | ६९ |
| पश्चिमाञ्चल स्वास्थ्य सहकारी संस्था, पोखरा ९ | १०८ |
| विकासानन्द फाउन्डेशन विश्व परिवार, पोखरा ९ | ५० |
| वैदेशिक रोजगार शाखा संरक्षण संघ गण्डकी प्रदेश पोखरा ९ | ५९ |
| कञ्चन क्यापिटल प्रा. लि, पोखरा २ | ५९ |
| राष्ट्रिय स्वतन्त्र पार्टी कास्की, पोखरा ९ | ६२ |
| राष्ट्रिय स्वतन्त्र पार्टी स्याङ्जा | २८ |
| नेपाल यातायात स्वतन्त्र मजदुर संगठन गण्डकी प्रदेश, पोखरा ९ | ७४ |
| आदर्श समाज , पोखरा १२ | ३५ |
| एसओएस बालग्राम गण्डकी, पोखरा १५ | ६९ |
| नेवा:खल:कचा, पोखरा ९ | ५१ |
| नेरेसो स्याङ्जा रक्त सञ्चार सेवा | ५० |
| गण्डकी प्रदेश सशस्त्र प्रहरी परिवार महिला संघ , पोखरा ७ | २१ |
| रिटर्नी फेडेरेसन नेपाल जिल्ला कमिटि कास्की, पोखरा १० | २८ |
| पाल्पाली बहुउद्देशीय सहकारी संस्था लि, पोखरा ८ | ३६ |
| विहानी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ८ | ५१ |
| धादिङ पोखरा सम्पर्क समाज , पोखरा ८ | ११४ |
| कार्कीनेटा पोखरा सम्पर्क समाज, पोखरा १७ | ३६ |
| लायन्स क्लव अफ पोखरा डाइनामिक , पोखरा ५ | ३४ |
| लायन्स क्लव अफ पोखरा संगम, पोखरा ३० | ६० |
| नेरेसो उपशाखा ६ उपशाखा र माता तालवाराही आरती सेवा समिति, पोखरा ६ | २९ |
| लायन्स क्लव अफ पोखरा सम्वृद्धि, पोखरा ९ | ५३ |
| लायन्स क्लव अफ पोखरा गतिशील मञ्जरी, सूर्योदय क्लब , पिस पोखरा ड्राइभिङ सेन्टर, पोखरा ३ | ५२ |
| सल्यानी समिति कास्की, पोखरा ५ | ६४ |
| राष्ट्रिय प्रजातन्त्रिक युवा संगठन, पोखरा ८ | २२ |
| श्री आदर्श टोल विकास संस्था, पोखरा १७ | ३४ |
| आचार्य सेवा समाज, केन्द्रीय कार्यालय पोखरा, पोखरा १ | ४० |
| डेभिज फल बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १७ | ६५ |
| कपडा व्यवसायी एशोसिएशन कास्की, पोखरा ९ | ५२ |
| श्री सत्य साई केन्द्र सेवा संङगठन, पोखरा ३ | ४८ |
| जागरण कृषि सहकारी संस्था लि. , पोखरा १७ | १८ |
| संस्कृत युवा मञ्च नेपाल, , पोखरा ९ | ५७ |
| शान्ति दिप अभियानद्वारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | ४० |


# नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखा

पोखरा महानगरपालिका-८, सिर्जनाचोक

फोन : ०६१-५७०३४७, ५७१७६२, E-mail: nrcskaski@gmail.com

**प्रादेशिक रक्त सञ्चार तथा एम्बुलेन्स सेवा, रामघाट**

फोन : ०६१-५७१०९१, ५४३१९१, E-mail: rbts21091@gmail.com